The School participated in almost all the social and literary functions organised in Kalimpong and bagged most of the prizes in Bhanu Jayanti, Dev Kota and Tulsi Jayanti organised by different organisations.

P.F.—The members of the teaching/non-teaching staff (Secondary) thanks the Darjeeling Diocesan Council for revising the rate of P.F. from this year. The contributors stand to gain much by this revision.

CENTENARY FUND—The school has been able to deposit a sizable amount under multiplier scheme of Central Bank of India, Kalimpong.

The yearly deposit is expected to net in about Rs. 60,000/-by the end of 1985. As already announced the school needs a sizable Hall for both educational and co-curricular activities and the school hopes to add a big auditorium to the present school complex in the year 1986, which is the centenary year for this school.

The school requests all to help the school achieve this noble objective.

PRIMARY—The Primary Section of the school is as packed as ever and inspite of serious staffing shortage it is being ably managed by the Primary teaching staff. The school congratulates them for their hard and sincere work.

K.G.—The tiny toddlers in K.G. Section of the school gives the school a family atmosphere. It is a sight to see the bright 4 year olds coming to school along with adults of +2 Courses.

The scheol thanks the teaching/non-teaching staff of K.G. Section for nursing this little adjunct of S.U.M.I so smoothly and efficiently.

I thank all my colleagues in helping me run this Institution efficiently during this year of stress and strain. They jointly and selflessly held the fort even when I am often called away from school to attend to duties other than educational. I also thank my young School Capt., V. Capt. and prefects in helping the school maintain discipline both inside and outside the school campus.

Thanks for all the help and co-operation in 1980 and expecting similar co-operation and devotion to duties in the year 1981.

Merry Christmas to all my Colleagues and Students.

Appeal For Centenary Fund

The School completes a hundred years of memorable and fruitful existence on 31st March 1986.

The Staff Council and the Board of Management S.U.M. Institution have decided to observe this occassion in a befitting manner and as a centenary memoriam decided to have a commodious auditorium completed by February 1986.

The estimated amount at the present price schedule has been fixed at Rs. One Lakh and fifty thousand. The School has from 1977 academic session started raising funds for the purpose.

The School appeals to all friends, welwishers both within and without the country as well as ex students to donate generously for the purpose.

Any amount sent to the Headmaster for the purpose will be thankfully accepted.

For the next academic session of the School in 1981, there will be no admission in Class X. Only a small number of seats are available for Classes from IX downwards. Applications are to be made for seats early in February, 1981.

Football

(Observe the two pictures carefully. They may look the same but there are many points of difference. Notice them carefully.. and forget it)

The School XI, who reached the State level Finals in Krishnanagar with the H/M., A. H/M and the game teachers.

The winners of the Independence Trophy, B. Div. with the H. M., A. H. M. and the game teachers.

सुमाइट

कालिम्पोङ

१९८०

जीवनका विविध परिभाषाहरू

सिमोन राई
दशौं श्रेणी

१. जीवन एउटा रहस्यमय यात्रा
हामी सबैनै पथिकहरू
धर्म-अधर्मको कुम्लो बोको
निरन्तर पथसागरमा बिचलित नभई
हिँड्दिनुपर्छ..... .... ,
सृष्टिकर्ताको सम्मुख नपुगिञ्जेल सम्म
भन्छन् 'जोन बन्यान'।

२. जीवन एउटा अनभिज्ञ नाटक
हामी सबैने पात्र-पात्राहरू
ईश्वर एक त्यसका संचालक
संकेत अर्कोमा नाचिदिन्छौं
अनि त अभिनय तुरिएपछि
अनन्तमा मिल्न जानेछौं
भन्छन् "शेक्सपियर"।

३. जीवन एउटा निरन्तरको संघर्ष
लड्दिनुपर्छ अस्तित्व निमित्त
मात्र सिमित नभई प्रभुत्व निम्ति पनि
अनि त पराजय संघर्षमा हुनेहरू त
शोचनीय रीतिले बिलाउन पर्दछ
अवसर फेरि फेरि नपाई
भन्छन् 'हिटलर, मुसोलिनी'।

४. जीवन बिजयको दुन्दुभि
बजाउनमा बिशेषता छन्
चिनाउनपर्छ सारा बिश्वलाई नै
'म' नामक एक उच्छृंखल शब्द
परतंत्रता सबैलाई गराई
शीष निउरोस प्रतिद्वन्द्वीको
किञ्चित् उठ्न मौका नपाई
भन्छन्, "तेमुचिन, सिजर"।

५. जीवन संसार दुःखमय छ
रोग, जरा मृत्यु-शोक
नियमित रूपमा व्याप्त छन्
अर्थ यसको तथा उपाय मोचनको
पनि अवस्थित छन्
अनि 'निर्वाण' प्राप्तिमा
सफलता जीवनको लुकेका छन्
भन्छन्, "गोतम बुद्ध"।

६. जीवन दुःख सुःखको स्वाभाविक
जालोमा नियन्त्रित रूपमा बुनिएका छन्
अनि दुःख पछि सुखको जानो किरणले
निरन्तर चियाइनै रहेको हुन्छ
यसको परिधिभित्र, स्वयं पनि
अलिँझदै, फुस्किँटै जान पर्छ
आदश जीवनलाई बुझ्नमा छ
भन्छन्, "विलियम ब्लेक"।

७. फेरि कोहि भन्छन्, जीवन आनन्द रे !
उपलब्धि जीवनको उपभोग गर्नमा छ
फेरि जीवन सपना-बिपना रे।
वास्तविकता यहाँ सँधै कटु हुन्छ
अनि जीवन, शून्य अंगालेको
एउटा केहि यथार्थता होइन् रे।
भन्छन्, शून्यबादीहरू।

८. जीवन एक रोमाञ्चक परीक्षा
जन्मदेखि—मृत्युसम्म
सफलता—बिफलतालाई चुम्नपर्छ
जीवन एउटा परिवर्तित मौसम
हार र जीत त शोभा न हो
अनि क्षण-क्षणमा बदलिँदै जान पर्छ
हर्ष-अमर्षको सम्मिश्रण कथा बोकी।

९. अ——नि त म भन्छु, 'जीवन'
हार, अमर्ष, बिछोड़को यादगार होइन
तर, एउटा अनुपम ईश्वरीय भेट हो,
अनुग्रह तथा आशिषको अविरल झरीमा
यस जीवनलाई अघि बढ़ाउनै पर्छ
कस्तुरी-नाभी झैं सुवासित उनको महिमालाई
प्रज्ज्वलित गराउनमा यस जीवनको
उच्चतम प्राप्ति छ।

नेपाली काव्यमा प्रतीकवाद

श्री जे० कार्थक, एम० ए०

[गुलबर्गा विश्वविद्यालय, नेपाली विभागद्वारा आयोजित (१९७८)—नेपाली साहित्य सेमिनारमा पठित रचना—ले० ।]

जीवनका सोलोडोलो व्यक्तित्व र समाज-लाई लिएर युगानुसार चलेका प्रणाली, शैली, विचारधारा, दर्शनादिलाई पन्साउँदै साहित्यमा नयाँ प्रणाली, वाद एवं शैली आउँछन् । विश्व-साहित्यका यस्तै गतिविधिमा प्रतीकवाद काव्य आन्दोलन बीसौं शताब्दीमा अझ हुर्कँदै गयो । प्रतीकवादका मूल जरा फ्रान्समा गाडियो । रोमाण्टिक तथा परंपरागत प्रकृतिवादको विरोध-मा जन्मेका प्रतीकवादका प्रणेताहरू—बादेलर, रीबो, मलार्मे, कलोडेल, मालरी, जर्मनेली जर्ज र रिल्क, रशियाली ब्लोक इवानोव, इटालेली अगोरेटी, अंग्रेजी कविताहरूमा किट्स, इलियट, ह्वाइटम्यान, रबर्ट ब्राउनिङ, तथा नेपाली काव्य-मा शुरुका कविहरू सुवानन्द दास, शक्ति-बल्लभ अर्यालदेखि हुर्कँदै लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, लेखनाथ पौड्याल, मोहन कोइराला, विजयमल्ल, बैरागी काइँला, ईश्वर बल्लभ, भूपि शेरचन प्रभृति हुन् ।

प्रतीक (सिम्बोल, ग्रीसेली शब्द हो । साहित्यमा बिम्ब र विचारलाई जोड्नु नै प्रतीक-को अर्थ लगाइन्छ । मलार्मे लेख्छन्—रहस्य-हरूको परिष्कृत प्रतिपादन नै प्रतीक हो ।

एडमण्ड विल्सनको भनाइ छ—बिम्बहरूको थुप्रै प्रयोग जानी-बुझीकनै उपमा, रूपकहरूको मिश्रण र बौद्धिक चातुर्यको सम्मिश्रण गर्ने प्रयोगहरू नै प्रतीकवाद हो । नव प्लेटोवादी ईमर्सनको विचार छ—हामी प्रतीकहरू हौं, र प्रतीकहरूमा निवास गर्छौं ।

आर्थर साइमनले तर्क गरेका छन्—प्रतिकविना साहित्य हुँदैन । शब्द स्वतः प्रतीक नै हो । मानवले प्रत्येक जीवित वस्तुहरूको नाम राखर शब्द उच्चारण गरेदेखि नै प्रतीकवाद-को प्रारम्भ भयो ।

विद्वानहरूले परंपरागत र वैयक्तिक प्रतीक भनी दुइ वर्गमा बाँड्नु छन् । अनि अघिल्लो वर्गमा परंपरागत धार्मिक, सांस्कृतिक, मंथ काव्यहरूमा परेका प्रतीकलाई स्वीकारेका छन् ।

नेपाली काव्य विधामा प्रतीकवाद कहिले शुरू भयो ? कहाँ बुझ्नहरू केलाऊँ । नेपाल निर्माता पृथ्वीनारायण शाहका वीरता, शौर्यताका वर्णन, प्रशंसा तिनताकका कर्णाली प्रदेशका लोक-गीतहरूमा पाइन्छन् । नेपाली काव्यका प्रारम्भिक उठान वीर-वन्दनाबाट शुरू भएको छ-

"ल्याइदेओ मेरा भाइको मेरा बोली तरवार
यै साप गिड़ाएर बनाउँ राज दरबार.....।"

वीररसका कवि सुवानन्द दासका कविता 'पृथ्वीनारायण'-मा पृथ्वीनारायण शाहका वीरताको वर्णन, युद्ध आह्वान, काशी यात्रा उपत्यकाको धार्मिक कार्य, विजय र सीमाना-विस्तार, भोजन व्यवस्थाका वर्णन इत्यादिमा प्रशस्त बिम्ब, उपमा, प्रतीकहरू छन्—

"हँसको रूपधरि भिमसेनको सरूप गरि
भुमराको भेषगरि सुनइ लुटाव है ।"

यसमा कविले उपमा, प्रतीकहरू दुइ प्रकारले लिएका छन्—एउटा स्थानीय र अर्को पौराणिक हंसको रूप र भमराको भेष स्थानीय कल्पना-बाट र भीमसेनको विषयमा पौराणिक मान्यता-बाट लिएको छ । कविले राजालाई भीमसेन झैं पराक्रमी बनी युद्धमा लड्ने अनि भमराले झैं जसरी फूलहरूबाट रस लिन्छ—त्यसरी नै शत्रुहरूका धन-सम्पत्ति लुटने आह्वान गर्छन् । यसरी नै राजाको भोजनवर्णन प्रतीकात्मक ढंगमा यस कवितामा छ ।

शक्तिवल्लभ अर्यालको दुइ श्लोकको कविता 'तनहूँ भकुण्डो' पूर्णतः प्रतीकात्मक छ—

"मत्रि सागर खनाल छ बाला
पाँचको छ सब गान्तिन चाला"

.....

"पिउठानि कन देउ सुकुण्डो
मारिलेउ त तनहूँ भकुण्डो ।"

कविले राजालाई तनहूँ कसरी जित्ने ? बारेमा सरसल्लाह दिन्छन् । मंत्री खनाल बच्चै छन् कालु जैसीहरू पनि । तनहूँ जित्नलाई अरू राज्यहरू सन्धि गरी तनहूँलाई भकुण्डोलाई झैं लात मार्न सकिन्छ भनी कविले भन्छन् ।

नेपाली काव्य विधामा प्रतीकात्मक भावशैली लेखनाथ युगमा आइपुग्दा पुरै हुर्कियो। उनका बहुचर्चित प्रतीकात्मक कविता 'पिंजराको सुगा' मा राणाशासनकालीन स्थितिका रूपरेखा प्रतीकात्मक ढंगमा पाइन्छ । 'तरूणतपसी' नव्यकाव्यमा आजका मानवीय समस्याहरू, मानवता, हिंसा, क्रोध, धनीका दानवता, गरीबका मानवता, अन्धविश्वास, स्वार्थता, धर्मका विकृति इत्यादिका दर्शन प्रतीकात्मक रूपमा झल्काइएको छ। लेखनाथका फूटकर रचनाहरू 'पाटीमा ठार्केको पसारो', 'अरूणोदय', 'ऋतुविचार', "सत्यकली सम्वाद' आदिमा पनि प्रशस्तै प्रतीकहरू पाउँन सक्छौं ।

नेपाली रोमाण्टिक कविका अगुवा महाकवि देवकोटाका फूटकर रचनाहरू 'पागल', 'झञ्जाप्रति', 'हुरीको गीत' 'बाघले किन बच्चा खान्छ', 'प्रभुजी भेंड़ो बनाऊ' मा विद्रोहात्मक प्रतीक बिम्बहरू पाइन्छन् । मान्छेका नाङ्गो अस्तित्व, पुराना मूल्यहरूको खण्डन छ ।

नेपाली गद्य कविताका प्रवर्तक गोपाल प्रसाद रिमालको कविता संग्रह 'आमाको सपना' प्रतीकात्मक छन् । कविले यी रचनाहरूमा क्रान्तिका गीतहरू प्रेमको राग सुनेल्दै प्रतीकात्मक ढंगमा गाएका छन । आमालाई नेपाल, छोरालाई नेपाली जनता, प्रेमलाई क्रान्तिका प्रतीक लिएका छन्—

"आमा, त्यो आउँछ र ?
हो बा, त्यो आउँछ ।
त्यो बिहानको सूर्य झैं उज्यालो
छर्दै आउँछ ।" ('आमाको सपना')

"मलाई त प्रेम र क्रान्ति बराबर छ
संक्रान्ति त महीनौं महीनौं भइ नै रहेछ ।
मलाई त क्रान्तिसित खेल्ने बानी छ,
त्यसैले क्रान्तिले मेरो छहारी सकार्नु छ ।"
(मेरो प्रेमको कथा)

मोहन कोइरालाका प्रतीकवादी कविताहरू बौद्धिकता, गहन आध्यात्मिक र भौतिक दर्शन-हरूले टम्म मिलेका छन् । उनका कविताहरू 'घाइते युग', 'फर्सीको जरा, 'सांरगी', 'सूर्यदान' इ० हुन् ।

विजयमल्लका कविताहरू पनि गहिरो दर्शन विसंगति इत्यादि बोधका प्रतीकात्मक छन् ।

सिद्धिचरण श्रेष्ठका कतिपय रचनाहरू लगायत 'उर्वशी' खण्डकाव्य प्रतीकात्मक छन् । यसमा कवि स्वयंले भनेका छन्–"...किनकि उर्वशी मै हूँ।" यस भनाइमा पनि प्रतीक छन् ।

नेपाली छायावादी कविहरूमा केदारमान 'व्यथित' का 'संगम' उपल्लो दर्जाका प्रतीकवादी कविता संकलन हुन् । उनका कवितामा समाज-का गतिविधिहरूका प्रतीक परेका छन् ।

व्यंग्यात्मक प्रतीकवादी कविको रूपमा भूपि शेरचनको स्थान माथिल्लो दर्जामा छ । उनले समाजकै विसंगति, समस्या इत्यादिलाई लिएर प्रतीकहरू टिपेका छन् । 'घुम्ने मेचमाथि अन्धो मान्छे' कविता-सकलनमा व्यंग्यात्मक प्रतीकहरू पाइन्छन्–

"पत्नीले सँधै सँधै
व्यंग्य परके झैं लाग्छ"

... ...

"प्रत्येक इन्टरभ्यूको परिणाम सुनेर
जीवन, काखाका पसीना झैं गन्हाउँछ ।"
(मध्याह्न दिन र चीसो निद्रा)

दुइ आयामेली कविहरू बैरागी काइँला र ईश्वर वल्लभहरूका रचनादिमा प्रशस्तै प्रतीकहरू पाउँछौं । बैरागी काइँलाको विद्रोहात्मक कविता 'मातेको मान्छेको भाषण : मध्यरातपछिका सड़कतिर' प्रतीकले भरिएका छन्–

"ए सटक हो !
यौटा मानिस तिमीमाथि हिँड़दै छ

... ...

कोलम्बसको पैतालाले
बस सटकमाथि टेक्न पाउनु पर्छ ।"

ईश्वरवल्लभ, समालोचक तानाशर्माका भनाइमा "जड चित्रणका विरोधी वल्लभ मानसिक खेला-बेला स्याउने र बौद्धिक मन्थन गर्ने"का कविताहरूमा प्रशस्तै प्रतीकहरू पाइन्छन् । उनका 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्' तथा "एउटा शहरको किनारा" कविता संकलन अब्बल दर्जाका छन् । कविले आफ्नो "आमाको आत्महत्या गरेको देश" मा आफैलाई आफ्नो आस्था खोज्छन्–

"म बिहान उठेर एउटा खिंगो आकाश-लाई जब हेर्छु, त्यसका वरिपरि रातो दाग आगोको हुन्छन् ; थुप्रै सूर्यहरू अस्ताउन आँटेका हुन्...।"

अन्य नेपाली प्रतीकवादी कविहरू मदन रेग्मी, तुलसी दिवस प्रभृतिलाई हामीले विसंन हुन्न । सारांशमा नेपाली काव्यमा प्रतीकवादी धारा-हरू अझ रहरलाग्दो ढंगमा अघि बढ़िरहेको छ ।

रचना लेख्दा लिइएका सन्दर्भ पुस्तकहरू :—

१. पाश्चात्य काव्य-सिद्धान्त—अभि सुवेदी
२. पाश्चात्य समालोचनाका सैद्धान्तिक परंपरा—वासुदेव त्रिपाठी
३. नेपाली कविताका प्रवृत्ति—रमेश श्रेष्ठ
४. केही साहित्यिक चिन्तनहरू–वासुरिमाल 'यात्री'
५. एउटा शहरको किनारा—ईश्वर वल्लभ
६. आगोका फूलहरू हुन्, आगोका फूलहरू होइनन् ईश्वर वल्लभ
७. आमाको सपना–गोपाल रिमाल ।

मेरो काठमाडौं यात्रा

अंशुराज बराल
दशौं श्रेणी

आमा-बाबा काठमाडौं दिदी-भेना भेट्दै घुम्न [illegible] भए। उनीहरूलाई पछ्याउने मेरो भगीरथ [illegible] सफल भए पश्चात् आमा, बाबा र म [illegible] जनवरी १९८० मंगलबार काठमाडौं घुम्न [illegible]नातीत आकाशमा उड़ान लिएको हृदय [illegible]ली आरम्भ गर्‍यौं हाम्रो विदेश यात्रा। [illegible]रत छाड़ी कंकाई बसमा चढ़ी अघि बढ़ियो। [illegible] खोलामा निर्मित पूल सांच्चै राम्रो र [illegible] पनि रहेछ। यस बसले भारत पछि पार्दै [illegible]मीलाई अघि बढ़ायो नेपालको तराइ माझ-[illegible]। बाटैमा इटारी शहर धान-चामलको किन-[illegible] भई रहेको शहर निकै ठूलो रहेछ। यहीं [illegible] धरान, बिराटनगर जाने बाटाहरू भंगा-[illegible]एका रहेछन्। करीब नौ बजे राती बस [illegible]लामा थामियो। खाने-बस्ने सुविधा नै [illegible]। त्यहीं रात बितायौं।

भोलिपल्ट ९ जनवरी सबेरै यात्रा शुरू [illegible]। यस अघिको बाटो ज्यादै घुमाउरो मात्र [illegible]न उकालो पनि रहेछ तथा भैंसे नामाकरण [illegible] रहेछ। पिलिली घाम झुल्कँदा करीब ७००० [illegible] उचाई स्थित दामनमा पुगियो। यस अघि-[illegible] बाटो भने ठूलो र फराकिलो रहेछ। एउटा [illegible]मा "त्रिभुवन राजपथ" भारतको सहयोगले [illegible]मित लेखिएको थियो। नौ बीसेदेखि अघिको [illegible] चीनको सहयोगले बनाइएको अझ सुन्दर [illegible] फराकिलो पोखरासम्म लम्बिएको रहेछ। [illegible]माटीबाटै काठमाडौंका स्वयंभू तथा घर-[illegible]का शिर देखा परेकाले चाँडै नेपाल पुग्ने [illegible]को सामर्थ बढ़्यो।

दिदी-भेना काठमाडौंमै भएकाले बस्ने-खाने केही असुविधा बेहोर्न पर्ने मात्र होइन नेपाल घुम्न पनि सहज भयो। खान-पिन र बात-चीत पश्चात् सोही दिन असनको बजार, न्यू रोड स्थित सुपर मार्केट, क्षेत्रपाटी र इन्द्रचोक घुम्यौं। भोलिपल्ट १० जनवरी बिहिबारदेखि भ्रमणको कार्यक्रम अनुसार घुम्न निस्क्यौं।

टुँड़ीखेल बरिपरिका प्राचीन मूर्तिहरू, राजा रानीका मूर्तिहरू, नारायण हिटि दरबार, हनुमान ढोका दरबार जो काठै काठले बनिएको नौ-तले रहेछ, मल्ल राजा प्रताप मल्लका समयमा संग्रह गरिएका प्राचीन वस्तुहरूका संग्रह राखिए-का रहेछन्। यसैले दर्शनीय संग्रहालय बनाएको रहेछ। पृथ्वी नारायण शाहका वस्तुहरू, त्रिभुवन शाहका सम्पूर्ण इतिहास अंकित चित्र र वस्तु-हरूका संग्रह रहेछन्। राज्याभिषेकमा चलाइएका राजगद्दी, मुकुट, राजदण्ड, राजकीय पोशाक हेर्न पाइयो। 'स्वयम् भू' को बौद्ध-मन्दिर अर्को हेर्न लायकको वस्तु थियो।

प्राचीन बौद्ध-कलाले वेष्ठित उच्च टाकुरामा अवस्थित यो मठमा हजारौं मानिसको भीड़ले खचाखच थियो। त्यहाँ विदेशी हिप्पी र बाँदर-हरूका भीड़ पनि कम थिएनन्। अझ आकर्षक 'पशुपतिनाथ' र 'गुह्येश्वरी' का मन्दिरहरू बाग-मती नदीको फेरोमा अवस्थित थिए। त्यहाँ 'शिव' को पूजन हुन्थ्यो। हिप्पीहरूलाई त्यहाँ भित्र पस्न निषेध थियो ता पनि भारतबासीको भीड़ सुन-चाँदी र हजारौं बेलबुट्टाले भरिएको पशुपति नाथको मन्दिरमा 'शिव लिङ्ग' को दर्शन गर्न लाम लागेका थिए। त्यहाँ पित्तले-बषाह

विद्यालय दोस्रो स्वर्ग

प्रभात रिजाल
आठौं श्रेणी 'क'

विद्यालय दोस्रो स्वर्ग रहेछ ।
पढ्नेहरू नै यहाँ आफ्नो,
लक्ष्यमा पुग्दो रहेछ ।
नपढ्नेहरू को यहाँ
अधुरो जिन्दगी हुँदो रहेछ ।
स्वार्थी र झुटेले यहाँ
विजय पाउँदैन रहेछ ।
सत्य र आज्ञाकारीलाई
यसले स्वागत गर्दो रहेछ ।
आफ्नो भाग्यको सृष्टि यहाँ
आफैले गर्नु पर्दो रहेछ ।
आफैले आफूलाई यहाँ,
महान बनाउनु पर्दो रहेछ ।
अहा ! विद्यालय दोस्रो स्वर्ग रहेछ ।

'यहाँ'

प्रितम राना
नवौं श्रेणी 'क'

चुपचाप भएर बस्नु पनि,
सबैले गिज्याउने लाटो हुनु हो ।
कसैसँग नबोली बाँच्नु पनि,
नसुहाउने घमण्डी बन्नु हो ।
कराई-कराई झिँड्नु पनि,
सबै डराउने, पगला हुनु हो !
सबैसँग बेसी बोलिहिँड्नु पनि,
आधा गिदी भएर बाँच्नु हो !
सबैसँग व्यर्थ—व्यर्थै बोल्नु पनि,
विश्वासहीन पशु हुनु हो !

हाँसो र रोदनको जीवन

कर्ण चामलिङ
सातौं श्रेणी 'ख'

जीवन कथाको आह्वानहरू
हाम्रै कानमा गुन्जन्छ,
अनि केही प्यासका आह्वानहरू
मेरै छातीभित्र लुकिदिन्छ ।
हाम्रो जीवनको सानो कथा
कहिले काहीं भन्नू भन्नू लाग्छ,
तर कहिले त यो हाम्रो कथा पनि
लाज लाग्दो हुँदो भन्न गाह्रो लाग्छ ।
जीवन एउटा आँधी रहेछ
कहिले हाँसिदिने कहिले रोइदिने
यो त हाम्रो परिस्थितिको कथा मात्र
रहेछ कहिले बिर्साइदिने कहिले
सम्झ इदिने । जीवन हाम्रो प्यारो
भनू सुख र दुःखको संगम,
धनी र गरीबको कथा हुँ,
हाँसो र रोदनको संगम ।
बगिजाने खोला हुँ
हाम्रो सानो जिन्दगी,
एकदिन माटोमा लोप हुने
प्यारो हाम्रो जिन्दगी ॥

"केवल मान्छे हुँदै जन्मन्छ, गुनासो पोख्दै बाँच्छ अनि त्यसपछि निराश भएर मर्छ" वाल्टर टेम्पिक

Shri P. P. Mukhia, Ex-Headmaster who is currently spending a retired life.

Shri C. B. Basnet, with the Prefects of the Primary Section.

श्री पूर्ण प्रसाद मुखिया बी० ए० (डिस्टींगसन)

—श्री डी० आर० बराल

तिनको जन्म यहीं कालिम्पोंगमा २७ जुलाई सन् १९०९ ई० मा भएको हो। श्री प्रसाद मुखियाका दुइ छोराहरू र एउटी छोरी मध्ये तिनी सबैभन्दा जेठा हुन्। तिनको प्रारम्भिक शिक्षा एस० यू० एम० आई० र मुण्डा कोठी चिया-कमान प्राथमिक पाठशालामा भएपछान् यहीं एस० यू० एम० आई०मा दशौं श्रेणीसम्म विद्या-अध्ययन गरेका हुन्। पढ़ाईमा अत्यन्त सुदक्ष हुनाले प्रत्येक श्रेणीमा प्रथम स्थान प्राप्त गर्दै आएका थिए। स्व० डा० जी० ओगको प्रधान-अध्यापकत्व कालमा १८ वर्षको उमेरमा सन् १९२७ सालमा दशौं श्रेणीमा प्रथम स्थान प्राप्त गरेको खण्डमा आज सम्मको सम्मानित पारितोषिक "लिटन डक्स" तिनले प्राप्त गरे। त्यसबेला 'मेट्रीकुलेशन परीक्षा' को केन्द्र दार्जिलिङमा भएको हुनाले कैयन् असुविधाहरूका सामना गर्दै तिनले सन् १९२८ को मार्च महीनामा उक्त परीक्षा दिए। यस परीक्षामा तिनले 'गणित' 'भूगोल' आदि विषयमा विशेष योग्यता (distinction) हासिल गरी प्रथम दर्जा प्राप्त गरे। जिल्लामा प्रथम स्थान प्राप्त गरेको हुनाले तिनलाई तत्कालीन् सर्कारबाट छात्रवृत्ति प्रदान गरियो। यसले कलकत्ताको 'डफ होस्टेल' मा बसी 'स्कटिश चर्च कलेज' मा दुइ वर्षसम्म 'इन्टरमिडियट आर्टस्' पढ़ने सौभाग्य मिल्यो। यी दुइ वर्षको कठोर परिश्रमले बीसै वर्षको उमेरमा अर्थात् सन् १९३० सालमा आइ० ए० (इन्टरमिडियट आर्टस्) को परीक्षा प्रथम दर्जामा पारित गरे।

यस विद्यालय (S. U. M. Institution) लाई उच्च अंग्रेजी स्कूल (High English School) बनाउने ध्येयमा लागेका तत्कालीन् प्रधान अध्यापक रेभ० जी० एस० मील, एम० ए०, बी० एस्सी०, डिप-इन० एड०ले श्री पी० पी० मुखियाको शिक्षण कार्य्यमा अभिरुचि एवं तिनको तीक्ष्ण बुद्धि कौशलतामा मुग्ध भएर तिनलाई गणित तथा अंग्रेजी पढ़ाउने शिक्षकको रूपमा यही पाठशालामा भर्ना गरे। यस कार्य्यलाई तिनले सन् १९३० अर्द्धवर्षदेखि सन् १९३३ साल सम्म योग्यतापूर्ण रूपले गरे।

त्यस बेला यस पाठशालामा योग्य शिक्षकको कमी तथा तिनी आफैंलाई अझ उच्च शिक्षा प्राप्त गर्ने अभिलाषालाई मध्य नजरमा राख्दै फेरि दुइ वर्षको शिक्षा-अवकाश दिएर तिनलाई स्नातक बनाउनका निति फेरि कलकत्तामा पठाइयो। सन् १९३३ देखि सन् १९३५ सम्ममा कलकत्ता विश्वविद्यालयबाट तिनले स्नातकको डिग्री प्राप्त गरे। चर्च काउन्सीलले आशा गरेको भन्दा अझ बढ़ता नै तिनले अर्थशास्त्र जस्तो गहन विषय लिएर विशेष योग्यता साथ स्नातकको डिग्री हासिल गरेका थिए।

सन् १९३५ को अर्द्ध-वर्षदेखि नै सन् १९७५ को अर्द्ध-वर्षसम्म तिनले यस विद्यालयमा एकै दिन पनि अनुपस्थित नबसी निस्वार्थ भावले, सुचारू रूपले शिक्षकको काम गरिनै रहे। सन् १९३३ साल तिर स्व० श्री हर्कध्वज प्रधानका अथक परिश्रम र अध्यवसायको प्रबल इच्छाले यही विद्यालयमा 'इन्टरमिडियट आर्टस्' विभाग प्रारम्भ गरियो। यस विभागमा पनि तिनले कैयन् वर्षसम्म 'रोम' र 'ग्रीस' को इतिहास जस्ता जटिल विषयहरू पढ़ाउने काम गरेका थिए। यही विद्यालयमा तादिदेखि चलिआएको, तत्कालीन् अविभक्त बंगाल सर्कारबाट मान्यता प्राप्त "गुरु-ट्रेनिङ्ग" (G. T.) विभागमा तिनले चैरै वर्ष सम्म कतिपय विषय-हरूमा तालिम-शिक्षा दिँदै आएका थिए।

तिनलाई सन् १९५२ सालदेखि यस पाठशालाको विशेष भार वहन गर्नमा बाध्य हुनु पऱ्यो अर्थात् सन् १९५२ देखि १९६५ साल सम्म यस पाठशालाको सञ्चालन समितिको भार सम्हाल्दै सम्पूर्ण पाठशालाका कार्य्यकलापको देख-रेख गर्नुपऱ्यो । फेरि सन् १९५६ सालको आखिरी तिर यस वेलाका प्रधान अध्यापक रेभ० विलियम मेकेन्जी स्कट सिकिस्त विरामी परेकोले चिकित्साको निति वेलायत लानुपर्ने भयो। अपर्झट पाठशालाको सम्पूर्ण भार स्व० श्री के० डी० प्रधान, एम० ए० ले वहन गर्नपर्दा तिनलेनै उहाँलाई सम्पूर्णरूपले सहयोग दिएकोले छल्न लागेको यो पाठशाला फेरि उचित रूपले चल्न सक्यो । सन् १९६३ सालको मई महीनामा रेभ० स्कटले यस विद्यालयबाट अवकाश ग्रहण गरी सदाको निति स्वदेश फर्कन लाग्दा 'पूर्विय हिमालयन चर्च काउन्सील'ले तिनको योग्यतामा मुग्ध भई प्रधान अध्यापकको कार्य्यभार तिनैलाई सुम्पिएको थियो । तिनले पाठशालाको यत्रो ठूलो जिम्मा-वारी १९६५ साल सम्म उचित रूपले सम्हालेका थिए । यही अवधि भित्रमा अघिल्लो प्रधान अध्यापकले अधूरो छोड़ेर जीर्ण-शीर्ण भएको विज्ञान-भवनको पुनः निर्माण तिनकै बाहुलीबाट भयो । यस पार्वतीय अञ्चलका जनताका निति यो चार-मञ्जिल विज्ञान भवन तिनको चिरस्म-रणीय कार्य्य-स्वरूप यस विद्यालयको प्रांगणमा खड़ा रहेको छ । १९६६ सालदेखि यसो आफ्नो पूर्ण-अवकाशको समय १९७५ साल सम्म तिनले वर्त्तमान प्रधान अध्यापक श्री पी० आर० प्रधान-का प्रमुख सहयोगी तथा परामर्शदाताको रूपमा रही सहायक-प्रधान अध्यापकको भार वहन गरेका थिए ।

यद्यपि तिनको जीवनमा कैयन आँधी चल्यो, तूफान उठ्यो तथापि त्याग एवं कर्म-निष्ठतामा दृढ़ रही यस पाठशालाको एक मूल-स्तम्भ स्वरूप रहेका थिए । विश्वव्यापी महासमर, संयुक्त राष्ट्र संघ जस्तो विश्वको महान् संस्थाको स्थापना, गांधीजीका सत्याग्रह आन्दोलन 'भारत छोड़ो' का बुलन्द नारा, सन् १९४७ १५ अगस्तको स्वतन्त्र दिवस, भारत विभाजन, बंगाल विभाजन, यस जिल्लामा बंगाल विधान-सभाको प्रथम चुनाव, स्व० डम्बर सिंग गुरुङ्गको विजय, बंगालका दुइ भीषण अनिकालहरू इत्यादि तथा स्थानीय एस० यू० एम० कालेजको स्थापना, एग्जरसन टिस्टा ब्रीजको उद्घाटन, लार्ड, कारमाइकल तथा लार्ड विलिंगडनको यस पाठशाला परिभ्रमण इत्यादि इत्यादि कतिपय ऐति-हासिक घटनाहरू तिनकै शिक्षणकालमा घटेका-थिए । यही बीचमा तिनलाई कति उच्च सरकारी पदहरू पनि प्राप्त भएको थियो तर तिनले यी सब मान मर्य्यादालाई पन्छाएर निःस्वार्थ सेवा तथा त्यागको भावना लिएर कोटि-कोटि छात्रहरूका माझमा यही विद्यालयको प्रांगणमा आफ्नो जीवन अर्पण गर्ने दृढ़ व्रत लिइसकेका थिए । कर्म क्षेत्रमा प्रवेश गरेदेखि यसो आफ्नो अवकाश-को अन्तिम घड़ीसम्म पाठशालाको दैनिक कार्य्यक्रममा कहिले पनि अनुपस्थित नभई आफ्नो समय-निष्ठा एवं कर्तव्यको ज्वलन्त उदाहरण यस पाठशालामा अनुकरणीय रूपमा छाड़ेर गएका छन् । साथै तिनी भीष्म झैं 'ब्रह्मचर्य-व्रत' को पालन गरी एकाग्र चित्तले यही पाठशालामा आदर्श शिक्षकको रूपमा रहेका थिए । तिनी काम गरिनै रहे, गरि नै रहे सुस्वास्थ्य रही, यश अपयशदेखि टाढ़ै रहेर, मर्नु-बाँच्नु कर्त्तव्यपालनमा भन्ने दृढ विश्वास लिएर, जे जस्तै आइपर्दा पनि सागर झ गम्भीर, सगरमाथा झैं अटल रहे कर्त्तव्यको पुजारीको रूपमा ।

सन् १९३६-४० साल तिर स्व० के० डी० प्रधानद्वारा सम्पादित 'नेबुला' र श्री शेषमणि प्रधानद्वारा सम्पादित 'गाउँ-सुधार' पत्रिकाहरू-

का पन्ना पल्टाउँदा साहित्यको क्षेत्रमा पनि निन्हे घैरै नै अभिरुचि दर्शाएको देखिन्छ । यस बेलाको 'चारटरिस अस्पताल' सञ्चालन समितिका अध्यक्ष, Y. M. C A का कर्मठ सदस्य, कन्या उच्च विद्यालय सञ्चालन समितिका सदस्य इत्यादि इत्यादि रहेका थिए ।

प्रायः ४३ वर्ष सम्म यस विद्यालयमा शिक्षकको रूपमा रही यस विद्यालयका शिक्षकगण तथा छात्रवर्गले तिनबाट सद्व्यवहार, सद्भावना तथा सदुपदेश पाइनै रहे । केवल शिक्षक एवं छात्रहरूलाई मात्र होइन तर पाठशालाका सञ्चालकवर्ग, अभिभावक, सहकर्मीहरूलाई एकताको सूत्रमा बाँधी रेभ० स्कटको पछि पाठशालाको द्रुत उन्नति गराउनमा सामर्थ्यवान भई विद्यार्थीहरूलाई आधुनिक पद्धति अनुसार शिक्षा प्रणालीको व्यवस्था मिलाई योग्यतारूपेण पाठशाला सञ्चालन गर्दै आएका थिए । विद्या प्रसारको सराहनीय सेवाको पारस्र गर्दै 'विदेशीय मिशन काउन्सील'ले तिनको घैरै पटक प्रशसा गरेका हुन् । शिक्षादान बाहेक तिनी तर्क-सभा, धार्मिक सभा तथा शिक्षाका कैयन् विभिन्न शाखाहरूमा ठूलो योगदान दिई यस पाठशालाको ख्याति सर्वत्र फैलाउनमा सफल भएका एक आदर्श शिक्षक थिए । अघि देखिनै तिनलाई पुस्तक संग्रह गर्ने, पशु-पालन गर्ने, माछा, मौरी पालन गर्ने, पुष्प-वाटिका सजाउने कामहरूमा उत्कट अभिरुचि रहेका थिए। अहिले अवकाशको समयमा पनि यस्तै कामहरूमा लागिरहेका छन् ।

तिनी शान्त प्रकृति, अल्पभाषी, विशाल एवं मिलनसार हृदय भएका एक आदरणीय सज्जनका रूपमा शिक्षाको क्षेत्रमा सारा जीवन अर्पण गरेका व्यक्ति थिए। अन्त्यमा, लेबानोनका अरबी महाकवि खलिल जीब्रानले आफ्नो 'प्रोफेट' नामक पुस्तकमा भने जस्तै श्री मुखियाज्यूका जीवनसित घैरै मेल खान आएको छ । कविले भन्नु भएको छ—

"Too many fragments of experiments have I scattered in this court-yard, and too many were the children of my longings that walked naked in KNOWLEDGE, among these hills, and I cannot withdraw from them without a burden and an ache.

"It is not a garment I cast-off in those days of my greenish youth, but a skin I tore with my own hands for the sake of these children of human-race. Now I am leaving this court-yard of happiness with hunger and thirst. FAREWELL to you and the youth I have spent with you."

कविता कलमले लेखिन्न, मुटुले लेख्नुपर्छ
सौन्दर्य आँखाले देखिन्न, भावनाले हेर्नुपर्छ ।

—भोमनिधि तिवारी ।

\+ + + + +

जीवनलाई ग्रीष्मकालको फूल जस्तै तथा मृत्युलाई शरत्कालको पातजस्तै सुन्दर बनाऊ ।

—रवीन्द्रनाथ ठाकुर ।

[साहित्यिक परिचय]

स्वर्गीय अगमसिंह गिरी

अशोक तामाङ्ग
बाह्रौं श्रेणी "कला"

स्वर्गीय अगमसिंह गिरी हाम्रा सुन्दर हिमालयकी रानी, दार्जिलिङमा सन् १९२७-को २७ दिसम्बरमा जन्मेका थिए । उहाँलाई धेरै-जसो मान्छेहरूले दार्जिलिङको महाकवि भन्ये— देवकोटालाई जस्तै । उहाँ साँच्चै अद्वितीय प्रतिभा भएका व्यक्ति थिए । उनी वास्तवमा कवि थिए । यसैले सबैले उहाँलाई कवि भनेर चिन्दथे । हामी विशेषगरी उहाँको कवितामा सरलता र मार्मिकताले धेरैजसो ठाउँ ओगटेको पाउँछौं ।

स्व० गिरीज्यू कटु परिस्थितिले गर्दा नवौं श्रेणीसम्म मात्र पढ़ेर विद्यालयदेखि सदाको निम्ति विदा लिनु पऱ्यो । उहाँले कम श्रेणी-सम्म मात्र पढ़ेता पनि नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएको छ । तिनी सानो छँदादेखि नै साहित्यमा चासो लिन्थे । जब चौध वर्षको उमेरका थिए, तब उहाँका कोमल कलमबाट कविता, श्रद्धाञ्जलि महापुरुषलाई बाल-सुलभ भावना भएका लेखहरू सृष्टि हुन थाले । त्यस समयका कतिपय नेपाली साहित्य पत्रिका-हरूमा पनि उनका कविताहरू देखिन थाले । पछि पछि त नेपाली मुद्रित पत्रिकाहरूमा पनि उहाँका कविताहरू प्रकाशित हुन थाले । कवि गिरीज्यूको प्रथम कृति "याद" (खण्डकाव्य) हो। त्यसपछि "जीवन-गीत" (कविता-संग्रह) पनि झट्टै प्रकाशित भयो । यसरी कविज्यूको लगातार कृतिहरू निस्कन थाले । पछि "आत्म-व्यथा" (खण्डकाव्य) औ "आंसु" (खण्डकाव्य) पनि प्रकाशित भयो । उहाँको अन्तिम तर मुख्य कृति "युद्ध र योद्धा" पनि यसै सन् १९६८ तिर प्रकाशित भयो । आज नेपाली साहित्य-मा विशेषगरी "युद्ध र योद्धा" (खण्डकाव्य) लाई एक अमूल्य कृतिको रूपमा मानिन्छ । यसरी उहाँका कृतिहरूले नेपाली साहित्यलाई धेरै धनी बनाएको छ ।

उनी नेपाली साहित्यको एक वरिष्ठ र लगनशील साहित्यकार थिए । उहाँले विशेषगरी कविता क्षेत्रमा धेरैनै नाम कमाएका छन् । कविताहरू बाहेक अरू राम्रा-राम्रा लेखहरू, कथाहरू, स्मरणहरू र एकांकीहरू पनि लेखेका छन् । हामीलाई उहाँका कथाहरू पढ़्दा यस्तो लाग्छ कि साथद उहाँ साँच्चै नै सफल कथा-कार थिए । उहाँका कथाहरू "कथा-भारती" मा आज भन्दा धेरै अघि नै प्रकाशित भएका थिए । उहाँका कथाहरू, निबन्धहरू पनि गहकिला छन् । उनी सरल भाषामा लेख्थे, तर गहकिलो लेख्दथे । यी सबैले गर्दा उनलाई एक गद्य-लेखकको रूपमा पनि चित्र सकिन्छ । उहाँ-का यस्तै धेरै नामी कविताहरूको एक योग्य संकलन "जलेको प्रतिविम्ब रोएको प्रतिध्वनि" हो । यो योग्य संकलन पनि सन् १९७९ मा प्रकाशित भयो । यसै योग्य-संकलनलाई १९७९ मा पश्चिम बंगाल सरकारले शुरू गरेको प्रथम "भानुभक्त पुरस्कार" पनि प्रदान गरियो ।

मानव जीवन दुइटा अनमोल जीवन हो। यो जीवनलाई कसैले पनि गुमाउँन चाहँदैनन् । यसैले हाम्रा कवि गिरीज्यूले पनि गुमाउन

जवाईदै पनि सन १९७१ को ३१ जनवरीले निष्ठयतापूर्वक उहाँलाई यो संसारदेखि लगे । जब उनी यो संसारदेखि विदा भए तब सारा नेपाली संसारमा अँध्यारोपन छायो । प्रत्येक नेपालीको हृदय धुरुधुरु रुन थाले । सबैले एक अनमोल रत्न हराएको थाह पाए । सबैले शोक प्रकट गरे । तर हाम्रा कविज्यू फेरि नेपाली जगत्मा कहिल्यै आउने होइनन् ।

ठूले

नोएल रोंगोंग
माध्यमिक परीक्षार्थी

"ठूले...! ए ठूले...उठ् है ।। रिठचूँमा घाम लागिञ्जेल सुतिबस्छस् ?" आमा फूलमतीले चूल्हामा दाउरा हाल्दै कराउँछ' । 'हाँ' ठूलेले एकपल्ट गजबले मुख बाएर हाई काढ्छ । अनि पारिपट्टीको श्वेत कञ्चनजंगा शिखरलाई हेरिपठाउँछ-एकोहोरिएर, 'सँगुरले पानीमा प्रतिबिम्बित चन्द्रमालाई हेरे झैं ।'

खेतबारी माझ स्थित त्यो सानो खरले छाएको झोपड़ीमा आमा छोरा मात्र बस्छन् । फूलमतिका पतिले दोस्रो महायुद्धमा वीर गति प्राप्त गरे पश्चात् जग्गा-जमीन इलाममा नै हुनाकारणले दार्जीलिङ्ग छाड़ेर इलाममा नै बसेका छन् । अतः पतिको याद्मा एकैमात्र पुत्र—ठूले ।

'त्यहाँ ताकमा रोटी र गोलभेड़ाको अचार छ, चिया बनाएर खानू, म हिंड़े है जंगल तिर...खोइ तल साईंली आमाले पनि अलिकति बाँझो फोर्नु बोलाएकी र छ...?' बुढ़िया गनगनिँदै डोको हसिँया बोकेर बंगालो पिँडै खेत तिर लागिन् ।

ठूलेको नजर अझ त्यही सेता हिम शिखर गिर अड़ेको छ । वास्तवमा अनु भने उसले मुखियाकी सुपुत्री—'मर्टेम्री' लाई मन पराएको छ...औंधी औंधी नै !! सँधै ता उसले पनेरामा गएर मर्टेम्रीलाई जिस्काउने गर्थ्यो । तर, एकदिन... को कुरो हो—जब उ त्यसदिन पनि सँधै झैं पनेरामा मर्टेम्रीलाई जिस्काउनलाई लुकेर सानो ढुंगो टिपेर हानेको थियो तर मर्टेम्रीले गाग्रो उचाल्न भनी निहुरिदा, त्यस ढुंगोले अभाग्यवश अर्की ठिटीलाई लागेको थियो; अनि फलस्वरूप त्यसदिन उसले गालामा गजबले थप्पड़को छाप पनि बसाइसाँगेको थियो ।

उफ् ! त्यसदिन ठूलेको हृदय कस्तो टुका टुका भएको थियो ! हुनसक्छ मर्टेम्रीको हृदयमा पनि चोट लाग्यो होला । 'अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ' भने झैं आजकल गाउँकी कुनै ठिटीलाई देख्ने पनि ठूलेको होश हराएर हृदय गति बन्द होला जस्तो हुन्छ । तर जे होस् मर्टेम्रीले मन पराए पनि नपराए पनि उसले मर्टेम्रीलाई आफ्नो हृदय अर्पिसकेको छ, अनि आँखा चिम्म गर्दै भविष्यका स्वर्णिम क्षणहरू सम्झन लाग्छ अनि त्यसैत्यसै विक्षिप्त बनेर बरबराउँछ, 'ओ मेरी मर्टेम्री तिमी मेरी .....मेरी .....' तर उसले गहभरी आँसु झिएर बिगत दिनमा घटेका अविस्मरणीय घटना पुनः सम्झन लाग्छ, 'एकदिन .....ठूलेले आफ्ना

मनका बोझहरू आफ्नी आमाको समक्ष पोखाएको थियो तर आमाले उसलाई पूरै उपदेश दिएकी थिइन—'हेर छोरा, यो संसार त पैसाको संसार हो यसमा मुखियाकी छोरीलाई मेरी बुहारी बनाउनु 'पातालबाट टेकेर नै आकाश छुनु' जतिकै हो बा.....।" अनि त्यसरात उसले जीवनदेखि थाकेर, हार खाएर आत्महत्या गर्ने अन्तिम निर्णय गरीकन कटुशको रूखको हाँगामा सानो डोरी बाँधेर आफ्नो गलामा लगाएको थियो। साँचै, त्यसरात प्रकृतिमा पनि अनौठो चाल देखिएको थियो, हावा जोड तोड़ले चलिरहेथ्यो, हसियाँकारको चन्द्रमा पनि बादलको कालो घुम्टोभित्र लुके पश्चात् चारैतिर अन्धकारको राज्य फैलिएको थियो। अनि त्यहाँ एकक्षण पश्चात् ठूलो रूखको मूढ़ो छेड़े झैं आवाज सुनियो साथमा कुनै व्यक्तिको चीत्कार पनि सुनियो, 'आय्यू नी...! मरें बा.. !!'

भोलि बिहान प्रकृति देवी शान्त भएकी थिइन। अनि त्यसदिन पत्तो लाग्यो अभाग्यवश हो वा भाग्यले साथ दिएर हो त्यसरात कटुशको रूखको हाँगा नै भाँचिएर 'पहाड़े मजनू' चित्रमा लगाएको डोरीसितै जमीनमा बजारिएछ, अनि फलस्वरूप तीन दिनसम्म ओछ्यानमा ओछ्या पनि बस्नुपरेको थियो। 'बाँ.....!!' गाईको आवाजले ठूलेको मस्तिष्क भित्रको अतीतका यादहरू धुवाँ झैं बिलिएर गयो।

आज बिहान ठूलेले गाई-गोरुहरू लिएर 'रमिते डाँड़ा' तिर लाग्यो। विशाल नीलाकाशमा सेता-सेता बादलका टुक्राहरू थिए। चारैतिर हरियाली छाएको थियो। 'रमिते डाँड़ा' को तलतिर खल-खल गर्दै झरिरहेको झरना तथा चरा-चुरुंगीहरूको आवाजले शून्य वातावरणलाई भंग गर्ने प्रचेष्टा गरिरहेको थियो। गाई-गोरुहरू हरियो मैदानमा चरिरहेका थिए। ठूलेले चप्लेटी हुँगामाथि बसेर मुरली बजाउन लाग्यो। त्यसै समय हावाको झोकाको साथमा कुनै नारीको सुरीलो आवाज उसको कर्णकुहिर मा गुज्यो। उसले हुँगावाट ओलेर आवाज आए तिर हेर्‍यो। ओ हो! ढकमक्क फुलेकी, कलकलाउँदी उसकी कल्पनाकी परी 'मर्टेम्री' ले चञ्चल हावामा आफ्ना लामा-लामा केशराशी बढ़ाउँदै ऐसेलू टिप्दै गाउँदै रहीछ—

> पनेराको चिसो पानी पिइदिँऊ जस्तो लाग्छ।
> कसैसित मेरो प्रीति बसे जस्तो लाग्छ
> राजै बसे जस्तो लाग्छ ।।

ठूले चाहन्छ कि गएर अहिले नै उसलाई जोड़सित अंगालेर च्याक म्वाई खाइदिऊँ तर उसले यसो गर्न सक्दैन। उ खुशीले मुरली फ्याँकेर पागल झैं कुदेर डाँड़ामा गएर भ्यागुता कराएको जस्तो आवाज भएपनि सारा वन रन्काउने गरी गाइदिन्छ—

> बादलको देशमा मलाई घुम्न जाऊ झैं लाग्यो;
> कसैले यो मेरो दिल चोरे जस्तो लाग्यो
> राजै चोरे जस्तो लाग्यो ।।

मर्टेम्रीले ठूलेको आवाज सुनेर मास्तिर हेर्छें, तीं दुवैका आँखा जुध्छन। ठूले त्यसै-त्यसै गद्गद् हुन्छ, उसको हृदयगति बन्द होला जस्तो हुन्छ। मर्टेम्रीले ऐसेलू टिप्ने निहुँले शिरनत गर्छें। यसरी तीं दुवैको एका-अर्कामा बोलचाल नभए पनि प्रीतिको डोरी गाँसा सकेको हुन्छ।

\+ + + +

रातले दिन तथा दिनले रात निस्दै समय खोलो झैं बहँदै जान्छ। एकदिन मर्टेम्रीको

अंगनी दार्जीलिङ्ग शहरको धनी व्यक्तिसित भयो भनी गाउँभरि हल्ला फैलिन्छ । पनेरा फिर पनि पँधेर्नीहरू कुरा गरिरहेका हुन्छन् । साँचै यसको भाग्य कति ठूलो ! हाम्रो भाग्यमा त को पर्छ होला कि?'

\+ + + +

यसरी मर्टेमीको मंगनी भएको खबर ठूलेले पनि सुन्यो । युद्धमा हारेको राजा झैं ठूलेलाई एकक्षण ता 'पुलबाट खस्दैछु' झैं लाग्यो । उसले सर्वप्रथम ता 'टिक ट्वाइन्टी' खाएर आत्महत्या नै गर्ने निर्णय गऱ्यो तर उसको प्रतिबिम्बले भनिरहेथ्यो, 'ठूले' आत्महत्या गर्नु जस्तो कायरता केही होइन । राख् त्यो विषको शीशो, तँ जस्तो धोखा पाएका मूसाहरू तेरो झोपड़ीभित्र धेरै छन् ।' ठूलेले आफ्नो भाग्यलाई धिक्कार्छ । उसका आँखाबाट बलिन्द्र आँशुका धारा बहिरहेको हुन्छ । उसले सबै देवी-देवताहरूलाई सराप्दै गर्दा हठात् उसका आँखा 'क्यालेण्डर' को कालीमाताको चित्र अघि अड़िन्छ । उसको मनमा चिसो पस्छ मानो काली माताले कोधले बान्ता गर्दा झैं गरी जिब्रो निकालेर भनिरहेकी हुन्छे—'झिँगाको सरापले डिगा मर्दैन, ठूले !' यसरात ठूले रुँदै भोकै सुत्यो ।

\+ + + +

भोलिपल्ट सूर्योदयपूर्व ठूले आफ्नो गाउँको सिमाना काटेर कहीं टाढ़ा गइसकेको थियो । गाउँका साथीहरूले आएर सोध्दा ठूलेकी आमाले भनिन्, 'के गर्नु नानी' ठूलेले भलाई बुढ़ेसकाल-मा छोड़ेर यसरी रुवाएर प्रवास भासियो । किन गएको भन्दा 'पैसा कमाउनलाई गएको रे, पछि फर्कंदा त्यो मर्टेमीलाई मंगनी गर्ने केटो झैं धनी भएर मात्र आउने रे भन्यो ।' बुढ़ियाको कुरा सुनेर सबै साथीहरू मुसुँमुसुँ हांसे ।

प्रेम एउटा सुनौलो जन्जीर हो, जसमा संसार परस्पर बाँधिएको छ ।
—गेटे ।

\+ + + + +

साहित्य अध्ययन त्यो इयाल जस्तो हो जहाँबाट मानिसको वास्तविक चरित्र देख्न सकिन्छ ।
—तालस्ताय ।

\+ + + + +

पृथ्वीको कविता कहिल्यै मर्दैन
पृथ्वीको कविता कहिल्यै सकिंदैन ।
—किट्स् ।

सूर्यग्रहण—१९८०

शुभ प्रधा-
बाह्रौं श्रेणी 'विज्ञान'

[खण्ड युवा कार्यालय, कालेबुङद्वारा विज्ञानका छात्रहरूका निम्ति आयोजित विज्ञान संगोष्ठी प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त निबन्ध]

मान्छेको जीवन गतिमा जसरी कतिपय समस्याहरूले अवरोध ल्याउँछ त्यसरीनै सूर्यको गतिमा पनि प्रतिबन्ध आउँछ-ग्रहण लागेर ।

आफ्नो कक्षमा घुम्दा घुम्दै पनि पृथ्वी सूर्यको वरिपरि ३६५¼ दिनमा एकपटक घुम्छ । संगसंगै चन्द्रमाले पनि आफ्नो परिक्रमा पृथ्वीको वरिपरि अक्षुण्य राख्छ । तर समयान्तरमा जब चन्द्रमा सूर्य र पृथ्वीको माझमा आइपुग्छ तब सूर्यका प्रकाश रश्मि पृथ्वीको वक्षभरी छरिनबाट वञ्चित हुन्छ । त्यसैलाई हामी "सूर्य ग्रहण" लागेको भन्छौं ।

यस्तै तर एक अभूतपूर्व र रोमाञ्चकारी ग्रहण यसै वर्ष गत फरवरी १६, शनिवार अपराह्नमा लागेथ्यो । बीसौं शताब्दीको ६० पूर्ण ग्रहणहरू मध्ये यस वर्ष लगायत केवल चारवटा पूर्ण ग्रहण भारतबाट देखिए । प्रथम पूर्ण ग्रहण २२ अक्टोबर २१३७ ख्रीष्टपूर्वमा लागेको थियो । उन्नाइसौं शताब्दिमा भारतबाट देखिएका चारवटा पूर्ण ग्रहणहरू हुन क्रमशः सन् १८४३, १८६८, १८७१, १८९८ । विगत फरवरीको ग्रहणले 'इन्फ्रा रेड' र 'अल्ट्रा भायोलेट' रश्मिहरूले आँखाको रेटिनाको 'मेकुला' विन्दुलाई जलाएर अन्धा बनाइदिने सरकारी आदेश पूर्ववत् प्रसारित गरिएकोले प्रायः दुइ अरब जनसाधारण ग्रहण हेर्नबाट वञ्चित भए । भारतको विभिन्न भूभागमा लागेको ग्रहणको औसत समय यसप्रकार छ—आरम्भ—२:२२ मिनट; पूर्णग्रहण—३:५५ मिनट; समाप्त — ५:१ मिनट । ८२ वर्षपछिको यस ग्रहणमा जब चन्द्रमाको प्रतिबन्धले सूर्यको आकार शनैः शनैः हसियाँ जस्तै भएर विलुप्त भयो त्यससमय रक्तिम तुवालोले क्षितिज ढाकेको साथै पृथ्वीको आगनभरी केवल हल्का पहेंलो प्रकाश मात्र छरियो । ग्रहणको समयमा पनि सूर्यको प्रभामण्डल अर्थात् 'कोरोना' छरिन रोकिएन । यो प्रभामण्डल ग्रहणको समयमा प्रज्ज्वलित रहने हुनाले यसले पृथ्वीको मौसमको जटिलतालाई अध्ययन गर्न सहायता पुऱ्याउँछ । चन्द्रमाले सूर्यलाई ग्रहणको उपहारस्वरूप एक हीराको औंठीजस्तो प्रकाशपुञ्ज दियो । चन्द्रमाको पहाडहरूबीचबाट छिरेर निस्केको सूर्यको प्रकाशलाई हेर्दा यस्तो प्रतीत हुन्थ्यो कि अन्तरिक्षमा एउटा हीराको औंठी झुण्डिरहेछ । आकाशको रंगमञ्चमा यो नाटक प्रायः २ मिनट ४० सेकेण्डसम्म अक्षुण्य रहयो ।

सूर्यग्रहण सूर्यास्त जस्तै थियो किनकि त्यससमय सन्ध्यामा झैं विद्युत् चुम्बकीय तरंगको शक्ति तीव्र हुनाको साथै 'हेनड्री' र शिरीष वृक्षका पातहरू खुम्चिएर रहे । प्रायः २ मिनट १४ सेकेण्डसम्म दक्षिण भारतका धेरै भूभागबाट अन्य ताराहरूसंगै शुक्र र बुध ग्रहहरू पनि देखिए ।

सूर्यग्रहणको समयमा वायुमण्डलको तापमानमा १३ प्रतिशतको न्यूनता, समुद्रीजलको तापमानमा २६.८० देखि २६ डिग्रि C को कमी र तीव्र वायुप्रवाहसंगै भूकम्पन पनि भएको थाह लाग्छ ।

'डेस्मोडियम गाइरेन्स' र 'गार्डेनिया पलोरिडामा' वाष्पोत्सर्जन र स्पन्दन शीघ्र भयो ।

इलेक्ट्रो कार्डियोग्रामबाट खरायोको हृदयको धड़कन धीमा भएको याद लाग्छ साथै अस्पतालका रोगीहरूको नाड़ीको गतिमा १३ प्रतिमिनटको कमी, रक्त यूरियाको मात्रामा वृद्धि, रक्तचाप (अनुशिथिलन) मा १३ मि० मि० मर्करी अधिक र शारीरिक तापमानमा वृद्धि भएको पत्ता लाग्छ ।

उत्तर कर्नाटकको रायकर निवासी एक मेहबूब हुसेन नामक मानिस जो १ अक्टोबर १९७९ देखि पक्षाघातले पीड़ित थिए ग्रहणको समयमा उनको सबै हातखुट्टा चल्न थाल्यो ।

जीवाणु सक्रियता साथै जंगली जानवरहरूमा उत्तेजना आएको इन्दौरको चिड़ियाखानामा बन्द सांभरको पुच्छर १३ मिनटसम्म खड़ा भएकोबाट थाह हुन्छ ।

आइन्सटाइनको सापेक्षवादी सिद्धान्तको प्रायोगिक दृश्य पनि ग्रहणको समयमा देखियो ।

'भारतीय अन्तरिक्ष अनुसन्धान संगठन' को आयोजनमा ग्रहणको समयमा १३ वटा रकेट अध्ययन र निरीक्षणार्थ पठाइए ।

१७ तारीख फरवरी फेरि त्यही शान्त र विजय अग्नि पिण्डको सूर्य मुस्क्यो सँधै सँधै झैं ।

भारतवर्षबाट देखिन सकिने आउँदो सम्पूर्ण सूर्यग्रहण २४ अक्टोबर १९९५, दिपावलीको दिन लाग्ने भएकोले हामी सबैलाई त्यस दिनको प्रतीक्षा छ भन्नमा अत्युक्ति नहोला ।

आजको भोलि

चित्र मणि प्रधान
दशौं श्रेणी 'क'

(१)

आज फुलेको फूल
भोलि झर्ने सक्छ,
आज माया गर्नेले
भोलि बिर्सन सक्छ ।

(२)

आज बहने खोला
भोलि सुक्न सक्छ,
आज हिंड़ेको बाटो
भोलि भत्कन सक्छ ।

(३)

आजको वसन्त बहार
भोलि शिशिर बन्न सक्छ,
आज जितेका रमाइला क्षण
भोलि दुःखै दुःखले भर्न सक्छ ।

(४)

आज जलेका दीपहरू
भोलि निभ्न सक्छन्
आज उदाएका आशाहरू
भोलि निराशा बन्न सक्छन् ।

(५)

आज दुसाएको आशा
भोलि वैलाउन सक्छ
आजको कलकलाउँदो जीवन
भोलि माटोमा मिल्न सक्छ ।

सुमाइट

स्लो पोइजन

रूप नारायण प्रधान
बाह्रौं श्रेणी 'कला'

भोलिदेखि वार्षिक परीक्षा हुने दिन, म 'चिट' बनाउनमा व्यस्त थिएँ । दिन ठण्डा भएकोले सिरकामत्र गुटमुटिएर बसेको थिएँ । बाहिरबाट कसैले ढोका ढक्ढकायो, "ढक् ढक् !!"

'को हो ?' अनायासै प्रश्न गरें ।

'मो.. हो...'

'को.. मो ?'

बाहिरबाट फर्केर उत्तर आयो, 'मो ..मो...'

'के को मोमो र थुक्पाको कुरा गर्छस्, चोर ?' भन्दै म पनि कोचेले अभिनशर्मा भएर ढोका-मात्र खोलेको थिएँ, बाहिर मेरै सुपरिचित मित्र नोएल रोलिंग गाँजाले मस्त भएर घुमिरहेको देख्दा केही ठण्डा भएर बोलाएँ, 'भित्रै आइज न नोएल ।' साथी मित्र नपसी गर्ज्यो, 'के गर्दैछस् ?' 'यही त हो नि, घुमघाम पढ़ाइ ..' एक ज्ञानी छात्रले झैं उत्तर दिएँ । 'तँलाई आज एउटा हर्षको खबर सुनाउन आएको छु' प्रसग बदल्दैं नोएल बोल्यो । 'कस्तो खुशी-को कुरो ? छिट्टो भन्न' उत्साहित बन्दै प्रश्न गरें । 'यो खबर मेरै हितको मित्र मनेर तँलाई मात्र भन्नु आएको हूँ मेरो निम्ति होइन ।' एकटा अज्ञात भयले मेरो मुटुको स्पन्दन द्रोत्रगतिमा चल्न थाल्यो । 'के हो त्यस्तो कुरा छिट्टो भन्न,' निकै कड़केर बोलें । अलिक अगठ्यारो मान्दै भन्यो, 'माथि अंकल अन्तरे मंगरको घरमा एउटी सुन्दरी केटी आएकी छ रे अनि तेरो नाम सोध्दै थिईन् रे ।' अहिले मने किकै कान ठाड़ो पारेर भने, "हँऽऽऽ ।" नोएलले सिग्रेटको लामो कश तानेर भावुक भएर भन्न थाल्यो, 'हो यस सारा विश्वका मानिसहरू लेखक बनून्, सारा विश्वका वृक्षहरू कलम बनून् अनि... अनि यी समुद्र नै मसी बनेर यी नीलाकाश-का विशाल छातीमा उसको सौन्दर्यको वर्णन गरून् तर पनि गरेर सकिँदैन । उफ् ! क्या छ त्यसको हिँड़ाइको चाल, अहाले पनि मेहनत गरेर बनाएछन् क्यार. .क्या छ उसको शारीरिक गठन ।" म मस्त भएर सुनिरहें ।

भोलिपल्ट परीक्षाको प्रथम दिन भएको हुनाले हामी दुवै घरबाट चाँड़ै निस्क्यौं । हिजो-को विषयमा चर्चा गर्दै जाँदा बाटामा एक युवती जाँदै गरेकी देख्यौं । मैले भनें, 'एई, गएर 'लेटर' दिई हेर न, कतै आच्छे कि ?' साथीले प्रेम पत्र लिएर गयो, अनि केही क्षण् पश्चात् हाँस्दै फर्केर आयो । मैले उत्सुकता साथ प्रश्न गरें 'के भयो भन्न छिट्टो ।' 'अँ, थाप्नु ता थारी तर बेलुकी पाँच बजेतिर भेट्नु भन्दै थिई मलाई । झनक्क रिस उठ्यो र भनिहालें, 'पत्र दिनु मैले अनि भेट्नु तैंले ?' हो त अरे ।

शान्त हुँदै नोएल बोल्यो 'छिः छिः तँ कस्तो संकीर्ण विचार भएको मान्छे । तँ जस्तो युवकको निम्ति भनेर झन् त्यस्ती सुन्दरी युवती, सित 'इन्गेज' गराउन चाहन्छु । तर तैंले मलाई जुठे भवँरा सम्झेको रहेछस् हो कि ? भरै तैं चूत्योको निम्ति पत्रोत्तर लिनु जाँदा पनि यस्तो सोच्छस् भने सियोको टुप्पामा बनिएर मर्नु निको ।' नोएल बिच्केर गयो ।

परीक्षा आरम्भ भयो । प्रश्न पत्र हस्तगत भयो । तर एउटै याद थिएन । अरे...! अचम्भ ..!! जति जति प्रश्न पढ़छु त्यति झेरै एउटी अपरि-

चिता सुन्दरी युवतीको सुहार प्रश्न पत्रमा देख्छु । आँखा मिच्छे, सपना हो या बिपना, फेरि पनि आँखा मिच्दै हेर्ने.....। हठात् 'च्याप्प' प्रश्न पत्रलाई अंगालन पुगेछु अनि ओंठबाट अनायासै निस्केछ, 'प्रिये !' प्रेयसीले भन्दै रहिछन्, 'यत्रो प्रश्नको उत्तरको प्रतीक्षामा बस्दा-बस्दा थाकि-सकेकी छु, कहिले लेख्ने ती प्रश्नका उत्तरहरू...' 'प्रिये ! म लेख्छु, अवश्यै लेख्छु तर...तर प्रिये...।' "तेरो प्रिये हुँ म ? कहिले लेख्ने यी प्रश्नका उत्तरहरू हुँ ?" सरले बाध जस्तो गर्जेर कान तान्दा मात्र तर्सेर वास्तविक स्थितिमा खसेछु। भय र संकोचले सारा शरीर गलेर आयो । सरले हेरिनै रहेको थियो यसर्थ मैले वेहोशमा प्रश्न पत्र नपढ़ी के के लेखेछु कुन्नि ? एकैक्षण-मा एकपृष्ठ लेखी सिध्याएँ ।

अहिले भने 'चिट' निकालनलाई हात लम्काएँ । खल्तीबाट दुइटा 'चिट' निकालें तर ..उफ् !' एकजना सरले उठाएर छामछुम पारेर माऊ माकुरीलाई बच्चाहरूले चुसेर खोक्रो बनाए जस्तै गरेर 'चिट' सबै लगिदियो । म रुन मात्र सकिन ।

परीक्षाको पहिलो दिन नै बिग्रेको हुनाले पाठशाला बाट 'मूड-अफ' भएर घर फिर्ें । गती नै भोलिको निम्ति 'चिट' बनाएर ठण्डा महीना को रात, चाँड़ै ओछ्यानमा ढल्कें । हठात् कसैले ढोका ढक्ढकायो । मेरो पालो पनि 'कम इन' भनिदिएँ ।

'हन, हिजोको अण्डा आजको चल्ला, खूब अङ्गेजी बोल्ने भइस् हँ?' 'यो नोएल किन आज एक हुलो कुरा गर्दैछ, यसलाई लात नपुगेको रहेछ' भनेर उठेको मात्र थिएँ, मेरी आम्मै ! बाबा पो रहेछन् । मैले दुइ शब्द बोल्न नपाई जस्तो एकलात खाएँ । बूढ़ो गर्जे 'परीक्षाको समयमा यही हो तेरो 'स्टडी' ?' मेरो पालो हात फर्काऊँ त आफ्नै बूढ़ो यसर्थ मेरो केही नचल्दा कोहोलो मचाउँदै रुन लागे 'ग्वां...ग्वां...!' 'तँ यत्रो मूसतिम्रे भएर रुन्छस्, फसलाई स्वर सुनाएको हँ ?' भन्दै आपाले मज्जाले कचल्टिए-को अदुवा जस्तै हातले झ्यांपट हिर्काए तर म भूईंमा बसिदिएँ थचक्कै आपाको हातको झ्यांपट मेट्यो बिचरी छोरो रोएको सुनेर आत्तिँदै हेर्ने आएकी बूढ़ी निर्दोषी आमाले ।

बिहानै नोएल गाँजा ले झम् झम् हुँदै भए पनि रिप्लाई [पत्रोत्तर] लिएर आएछ । मैले पढ़ें । बेलुकी छः बजे बोलाएकी रहिछ । आज पनि कति चाँड़ो परीक्षामा लेखी सिध्याएछु तर के लेखें केही थाहा भएन । साँझ पख म सोझै मेरी अपरिचिता मायालुलाई भेट्न लम्कें । ए...ए मेरै प्रतीक्षामा थिई । मैले पहिले नै उसको शुभनाम सोधें । उसले सुहार लुकाएर मसस्किँदै बोली 'छिः ही लाज लाग्छ ।' म पनि तीन ठुक्का हुँदै भने 'आ हौ, कस्तो ता अन्त आफ्नै नाउँ बताउनु पनि कुरी कुरी लागेको ।' उसले भन लागी 'अन्त नाउँ नै त्यस्तो छ ।' 'कस्तो, भन न प्लीज ?' 'पक्का भन्नू ?' 'भन' छोटो उत्तर दिएँ । 'छपरी' उसले बताई । नाम सुन्दा मन नै रोएर आयो । प्रायः रात पर्न लागेको थियो, अहिले भने उसको दुवै कुममा हात राखेर आफुपट्टि फर्काएँ । उसको सुहार देखेर एकपल्ट तर्सें । मेरो ओंठबाट अनायासै निस्क्यो 'अपुई...बोक्सी हो कि क्या हो ?' 'खोई दाज्यू, कता ?' भन्दै च पनि भाग्न खोजी । मैले झट्ट कुरा बनाएर भने. 'होइन पो रहेछ ।' मैले आफैलाई धिक्कारें । हे भगवान ! किन यस्तोलाई पत्र पठाएछु नि जस्तो लाग्यो । बेला बेलामा मेरी मायालु छिपिएको किनेमा जस्तै गन्हाउने । अहिले मलाई नोएल प्रति रिस उठन थाल्यो । त्यसले भनेको एक-एक शब्द मेरो कर्ण

कुहिरमा गुज्जियो '.. आकाशको छातीमा लेखेता पनि उसको सौन्दर्य वर्णन गरेर सकिँदैन।...' तर अहिले देख्दैछु, उसको हिँड्ाइ पनि कस्तो ! झण्डै भर्खर ओछ्यौबाट निस्केको हांसको पोथी जस्तो । राती आएर सम्झँदै खूब रोएँ । त्यसरी नै परीक्षा पनि समाप्त भयो तर उत्तीर्ण हुने आशा थिएन । जब पढ्नु बस्थे त्यही पहिलो दृश्य देखेको त्यस अपरिचिता सुन्दरीलाई देखेको याद आउँथ्यो । अनि सम्झन्थें, यदि ऊ नै मेरो अघि आइदिएको भए कति खुशी हुने थिएँ । तर अब सम्झँदैछु कि यी स्त्री जातिहरू एक प्रकारको मस्तिष्कमा प्रभाव पार्ने 'स्लो-पोइजन' नै हो । अहिले मेरी मायालुलाई एउटा 'ब्रेक-लेटर' पठाइरहेछु—

छपरी,

आज अनायासै एउटा पत्र लेखिरहेछु सो पत्र ग्रहण गरे गर, नगरे नगर । हेर छपरी जुन दिनदेखि तिमीलाई देखें, त्यसदिनदेखि तिमीले मेरो सातो लगेकी छयौ । हजारौं धामी लगाउँदा पनि भएन । खुलस्त भनूँभने तिमी अब उप्रान्त मेरो जीवनमा समाइदेऊ । तिमी मसित नबोले म अत्यन्तै खुशी हुने थिएँ ।

हेर छपरी, तिम्रै निम्ति मैले मेरो मात्र होइन आपाको लुगा पनि साहुकोमा बन्धक राखेर तिम्रै निम्ति लिपष्टिक, पाउडर किनिदिएँ तर अब ती सब फर्काउनु पर्दैन । तिमी पनि झुसेसित लागेकी छयौ भनेको सुनेको थिएँ ।

तिमी दुबैलाई मेरो शुभकामना.....

उही.....

\+ + + +

आज 'रिजल्ट' हुने दिन । कालीमाता, गौरीमाता अनि सबै देवी-देवताहरूलाई प्रार्थना गरें । तर.. नेपाली बाहेक सबैमा फेल ! गाँजाले झम्झम् हुँदै परीक्षा दिँदा पनि नोएल चाहिं उत्तीर्ण भएछ...। अहिले प्रथम दिनको घटना सम्झें । त्यस चुँड्लेलाई त्यस समय भेटेको भए त्यसको एक पाबा रगत चुस्ने थिएँ । त्यसैले गर्दा सरहरूको माझ 'आई० बी०' पनि भयो त्यसैले गर्दा अवत्तीर्ण...।

अब पछताउँदैछु । त्यस दिनदेखि मैले दुइवटा प्रण गरेको छु । एक, अब उप्रान्त 'चिटिक' को भरमा मात्र नबस्ने अनि दुइ 'स्लो-पोइजन' देखि होशियार ।

राम्री नियाल्दा

विष्णु कुमार छेत्री
एघारौं श्रेणी (विज्ञान)

सत्य साँचो डजगार हुँदा
कटु अनुभव हुँदोरहेछ
पैसाले चल्ने युगमा
सत्यको मोल नहुँदोरहेछ
गाँधी हौं सत्यबोल भनी
म कसैलाई ऽ ऽ भन्ने छैन
आजको फोस्रो कानुन अघि
सत्य केही हुँदै होइन
आखिर सत्यपथमा चले के पाउने...?
झूठो अपमान खाई सेलाउने !

सत्यको अन्त्यमा विजय हुन्छ भनी
नसम्झ तिमी यहाँ
झूठको जित हुने आजको युगमा
सत्य भासियो...कहाँ...कहाँ
भासिन गएको सत्यलाई
तिमी निकाल्न नखोज
आजको यो कलियुगमा
हरिशचन्द्र हुन नखोज
हरिशचन्द्र बन भनी म मन्दिनँ
सत्य पथमा चल्ने म बन्दिनँ ।

The Rev. Father T. D'Souza, Principal, St. Augustine's School, the Chief Guest in the Sports Meet giving a short but interesting speech in Nepali.

Sunil Thapa, the Sr. Div Champion receiving the Challenge cup from the Rev. Father T. D'Souza.

[१९८० का एस० यू० एम० आई० वार्षिक खेलकूद दिवसका मुख्य अतिथी
माननीय रेभ० फा० टी० डी० सउजाको भाषण]

[illegible] प्रधानाचार्य शिक्षकवर्ग र छात्रगण,

यदि राम्रो रूपले यो खेल-कूदको आयोजन गरेर यति धेरै युवकहरूलाई आफ्नो शारीरिक विकास गर्नको लागि मौका दिइरहेमा तपाईंहरूलाई मेरो अभिनन्दन प्रकट गर्दछु । खास गरी खेल-कूद हेर्दा मलाई तपाईंहरूको शिक्षा-सस्थानको आदर्श वाक्यको सम्झना आउँछ "Nec Tamen Consumebatur" अर्थात् "कहिल्यै भष्म हुनेहैन, खरानी हुनेहैन" । आज हाम्रा राष्ट्रपिता महात्मा गान्धीको जन्म दिवस पनि हुनु [illegible] उहाँको जीवनको सारांश अथवा ध्येय पनि यही थियो । यहाँले सत्य, सामञ्जस्य, प्रेम, अहिंसा र दया-भाव देखाउनु भयो । आफूले पाउनुभो भनेर त्यो [illegible] बाँडिदिनु भयो तर उहाँ आफैं भष्म हुनुभएन ।

हाम्रा वरिपरि अनेक प्रलोभनका दृश्य छन् । द्वेष, ईर्ष्या, स्वार्थ, [illegible] हाम्रोलाई घेरेका छन् । महात्मा गान्धीको जीवनले हामीलाई यो सिकाउन खोजेको छ कि हामी सबैको जीवनमा एक्काइसौं शताब्दीमा आदर, सेवा, [illegible], सत्य, इमानदारिता र प्रेम हरू-को प्रामुख्यता छ । जब अरूहरूको लागि हामी आफैंलाई "बलिदान" दिन्छौं तबमात्र हाम्रो बढ्दो खाक हुनेछैनौं वरु अमर हुन्छौं ।

मेरो आशा यही छ कि जसरी आज एक परिवारको रूपमा प्रेम र आकृष्ट तपाईं-हरूले आफ्नो विजय र पराजय समेत रूपले ग्रहण गर्नुभयो त्यसरी नै प्रेम, आदर र दयाभाव अझै बढ्नेछ, तपाईंहरूका जीवनलाई सफल बनाउने छ ।

मेरो शुभकामना र धन्यवाद । म फेरि दोहराउँछु—Nec Tamen Consumebatur.

धन्यवाद ।

Rev. Father T. D'Souja
Principal, St. Augustine's School,
Kalimpong.

अहा ! प्रकृतिको सबभन्दा उत्तम उपहार—
मेरो कैलो रजहाँस—प्वाँखको कलम !

—वायरन् ।

हाम्रो अस्तित्वको युद्ध अब
हिंड्दिउ बोकेर छाती छातीमा
मेरा ललकार, मेरा युवा पिंढ़ीलाई

—अगमसिंह गिरी ।

सुमाइट

(यस पाठशालाका भूतपूर्व छात्र श्री नर बहादुर दाहाल छेत्री
जो हाल ओलम्पिक दौड़मा भाग लिई रहेछन् उहाँबाट प्राप्त पत्र)

माननीय,

प्रधान अध्यापकज्यू,
एस० यू० एम० आई०
कालिम्पोङ ।

महाशय,

म नरबहादुर [दाहाल] छेत्री, भूतपूर्व छात्रको गहिरो अभिनन्दन स्वीकार होस् । मेरो जीवनमा अक्षर ज्ञान र अमल चरित्रको पाठ सिकाउने एस० यू० एम० आई० लाई आजीवन भुल्नेछैन । जे जति पनि मैले सिकें, हासिल गरें त्यो सबै सोही पाठशालाको देन हो । मानव विकाशको सर्वाङ्गीन थोक पाएर आज म ओलम्पिक खेलमा भाग लिने सम्मको हुन सकें । त्यही विद्या मन्दिरबाट सिकेको अमल चरित्रले नै मेरो जीवनमा सफलता ल्यायो । मलाई यस्तो योग्य बनाउने मेरा शिक्षकहरुलाई कोटि कोटि अभिनन्दन । यसपछि पछि आउने भाइहरुले पनि भविष्यमा केही गर्नुन् भन्ने ठूलो आशा राखेको छु । एस० यू० एम० आई० को नाम उच्च गराउनु त्यहाँ पढ्नेहरुका हरेक छात्रको कर्तव्य हो । सबै भन्दा ठूलो वस्तु चरित्र हो । चरित्रहीन मानिसले केहिले पनि सिकार टेक्न पाउँदैन ।

म नेपालको तर्फबाट १०,००० मि० दौड़मा भाग लिन भनेर आएको छु र मेरो उद्देश्य-लाई पूरा गर्न आफूबाट चेष्टा गर्दैछु । यो मेरो सफलता मेरो मात्र नभएर एस० यू० एम० आई०-को पनि हो त्यसैले म एस० यू० एम० आई० प्रति सधै ऋणी छु ।

आजलाई यतिमा समाप्त गर्दैछु ।

हजूरको भूतपूर्व-छात्र,
नरबहादुर दाहाल छेत्री

□ □ ★ □ □

टाढाको शुभ समाचार घाँटी सुखा हुँदा चिसो पानी पिए जस्तै हो ।

—बाइबल ।

□ □ □ ★ □ □ □

साहित्य जीवनको निमित्त हो । जीवन पूजनीय छ ।

—इन्द्रबहादुर राई ।

□ □ □ □ □

तिमी अँध्यारामा जस्तो हुन्छौ तिम्रो चरित्र पनि त्यस्तै हुन्छ ।

—एच० एल० मुडी ।

आफन्त नभए

नयनिएल सुब्बा
एघारौं श्रेणी 'विज्ञान'

'के आजको यो समाजको वातावरण मेरो निम्ति सुहाउँदो छ ?' साँच्चै यो समाज आज उसको निम्ति असुहाउँदिलो छ । कारण एक विधवा, समाजका मानिसहरूबाट आएको हेलचेक्राइ एवं अनुचित व्यवहार । कल्पनाको उठानमा मौन भई सोच्नलाई फेरि अनायसै बाध्य हुन्छिन् 'आज यो समाजको कुना-कुनामा घृणाको भावनाले एक अशुद्ध पवनको रूपले बहिरहेको छ, यसरी यो अशुद्ध वायु कहिले सम्म बहिरहने ? यो समाजमा त्यसै, फेरि हेलाको भावना प्रत्येक मानिसहरूबाट हट्न सकेको छैन, यही कारणले गर्दा आज यो समाजका प्रत्येक मानिसहरूको बिचमा सौहार्द-को सट्टा दुश्मनी फैलिएको छ, यो समाजलाई एउटा आदर्शताको रूप दिनसक्ने को छ होला र ?' उसको यस धरतीमा आफ्नो भन्ने केही थिएन, परायलाई आफन्त भन्न त एक मूर्खपन दर्शाउन मात्र हो । आफ्नो स्वामी त आज भन्दा अठार वर्ष अघि एक चार वर्षे नाबालक योगेशलाई उसको हातमा जिम्मा लगाई संसारबाट बिदा लिएका थिए । एकलौते पुत्र योगेशलाई बढ़ी मात्रामा शिक्षा दिन उसको आर्थिक अवस्थाले सहयोग दिएन । यसैले आठ क्लास पास गरी अठार वर्षको उमेरमा सेनामा भर्ती भई देशका सिन्दुर लगाएका थिए ।

योगेश सेनामा भर्ती भई गएको केवल तीन वर्ष मात्र भएको थियो देशमाथि विदेशी-हरूको हमला हुँदा आफ्नो स्वदेशको निम्ति अरू जवानहरू संग काँधमा काँध मिलाई विदेशीहरूको सामना गर्दा वीरगति प्राप्त गरेको थिए । 'आज यो समाजमा बाँच्नु के उचित छ र, भलाई ?' सोच्न लाग्छ, उ... यसरी निद्रा देवीको कोखमा उ पर्न पुग्छे ।

× + + +

कुँ...कुँ...री.. कां कुखराका भालेहरूले बिहान भएको संदेश दिँदैछ । "चाँड़ो गर, चाँड़ो गर नत्र सूर्यको किरणले पूर्ण उज्यालो ल्याइ-दिन्छ ।" हत्तारिरहेको मनले उसलाई भन्छ । पोको-पन्तेरो हातमा लिई बिस्तारी उ उसको झोपड़ीबाट बाहिर निस्कन्छ, औ झोपड़ीमा ताला लगाई, त्यस ठाउँबाट टाढ़ा-टाढ़ा जान लाग्छ ।

+ + + +

